सम्पादकीय

# गणतन्त्रलाई सुदृढ गरौं ! संघीयता विरुद्ध संघर्ष गरौं !

संविधानसभाका विभिन्न उपसमितिहरूद्वारा संविधानसभाका मस्यौदा प्रतिवेदनहरू तयार पार्ने र सभामुखलाई बुझाउने काम भइरहेका छन् । तिनीहरूमा जुन प्रकारको अवधारणाहरू स्वीकृत हुने गरेका छन्, तिनीहरूमाथि विचार गर्दा संघीयताबाट सम्भावित दुष्परिणामहरू बारे अहिले देखि नै आभाष मिल्न थालेको छ । तिनीहरू बारे अन्तिम निर्णय संविधानसभाले गर्ने छ । तर जुन राजनीतिक दलहरूका प्रतिनिधिहरूले त्यस प्रकारका निर्णयहरू गरिरहेका छन्, संविधानसभामा उनीहरूको दलीय स्थिति माथि ध्यान दिंदा तिनीहरूलाई संविधानसभाले पनि पारित गर्ने नै बढी सम्भावना देखिन्छ । त्यस प्रकारको अवधारणाहरू पारित भएमा तिनीहरूका कारणले जातीय र क्षेत्रीय द्वन्द्व बढ्ने तथा राष्ट्रिय विखण्डनको स्थिति तयार हुने सम्भावना रहने छ । त्यस्तो सम्भावना पैदा हुन नदिन संविधानसभा वा त्यसका सभासद्हरूमाथि जनदवावको सिर्जना गर्नुपर्ने आवश्यकता छ । उक्त प्रश्नहरूमा देशव्यापी रूपमा छलफल चलाएर तथा आन्दोलन संगठित गरेर नै त्यस प्रकारको जनदवावको सृजना गर्न सकिने छ । यहाँ यो कुरा पनि उल्लेखनीय छ कि संसदका विभिन्न समितिहरूले जुन अवधारणाहरू पारित गरेका छन्, ती सबै नै पारित हुनेछन् भन्ने होइन । संविधान सभाका विषयगत समितिहरूमा सामान्य बहुमतद्वारा कुनै अवधारणा स्वीकृत हुन सक्दछ र कतिपय महत्वपूर्ण निर्णयहरू झिनो बहुमतद्वारा नै पारित पनि भएका छन् । तर संविधानसभामा त्यसका लागि दुईतिहाई बहुमत आवश्यक पर्नेछ र त्यस प्रकारको बहुमत जुटाउनु सजिलो हुने छैन । त्यसैले जनदवावको सृजना गरेर अहिले विभिन्न विषयगत समितिहरूद्वारा पारित अवधारणाहरूलाई संविधानसभाद्वारा अस्वीकृत गर्न सकिने पनि काफी सम्भावना छ ।

संविधानसभाका विभिन्न समितिहरूबाट पारित अवधारणाहरू मध्ये संघीयता सम्बन्धी अवधारणा मुख्य छ । संविधानका सबै मस्यौदा प्रतिवेदनमा संघीयतालाई स्वीकार गरिएको छ र त्यही संरचना अन्तर्गत नै सम्पूर्ण संविधानको निर्माण गर्ने काम भइरहेको छ । त्यसकारण संविधानको सन्दर्भमा हाम्रो संघर्ष मुख्य रूपले संघीयताका विरूद्ध नै केन्द्रित हुनुपर्दछ ।

मस्यौदा प्रतिवेदनले नेपाललाई बहुराष्ट्रिय राज्यको रूपमा स्वीकार गरेको छ । त्यो अत्यन्त गलत र खतरनाक अवधारणा हो र त्यसले देशलाई निश्चित रूपले राष्ट्रिय विघटनको दिशामा लैजाने छ । समाजशास्त्रीय दृष्टिले पनि त्यो अवधारणा गलत छ । त्यो अवधारणाले विभिन्न जनजाति, अल्पसंख्यक जाति आदिलाई नै राष्ट्रको रूपमा स्वीकार गर्दछ, जो पूरै गलत दृष्टिकोण हो । त्यस प्रकारको व्याख्याले देशमा दर्जनौं राष्ट्रहरू भएको कुरालाई स्वीकार गर्दछ । त्यसको परिणाम स्वरूप देशमा द्वन्द्वको स्थिति पैदा हुने सम्भावना रहने छ । वास्तवमा त्यस प्रकारको अवधारणा अगाडि ल्याउनुको पछाडि राष्ट्रहरूको आत्मनिर्णयको अधिकारको सिद्धान्तलाई अगाडि सारेर त्यसका आधारमा देशमा दर्जनौं स्वतन्त्र राज्यहरूको निर्माणको स्थितिको सृजना गर्ने र देशलाई विघटनको दिशामा लैजाने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

मस्यौदा प्रतिवेदनहरूमा जनताको आत्मनिर्णयको अधिकारलाई पनि स्वीकार गरिएको छ । त्यसले पनि संघीय प्रणालीभित्र राष्ट्रिय विघटनका प्रवृत्तिहरूलाई प्रोत्साहित गर्नेछ । संघीयता अन्तर्गत प्रदेशहरूको जुन विभाजन गरिएको छ, त्यो पनि जातीय आधारमा नै गरिएको छ । त्यसले पनि देशमा जातिवाद वा जातीय द्वन्द्वलाई प्रोत्साहित गर्नेछ । तराईमा एक मधेश, एक प्रदेशको आन्दोलन उठिरहेको छ । थारू समुदायले त्यसको विरोध गर्दै आएको छ । तर अहिले पारित मस्यौदा प्रतिवेदनमा पनि तराईका बेग्ला-बेग्लै भू-भागहरूलाई बेग्ला-बेग्लै प्रदेशको रूपमा प्रस्तुत गरिएको छ । तर मधेसवादी दलहरूले त्यसको विरोध गरेर पूरै तराईलाई एउटै प्रदेशको रूपमा निर्माण गर्नका लागि संघर्ष गर्ने निर्णय गरेका छन् । कतिपय थारू समुदायले पनि त्यस प्रकारको आन्दोलनलाई समर्थन गरेको देखिन्छ । तर मूल रूपमा थारू समुदाय त्यस प्रकारको आन्दोलनको विरोधमा नै उभिएका छन् । जे होस्, त्यस प्रकारको आन्दोलनले एकातिर, सम्पूर्ण तराईमा द्वन्द्वको स्थिति पैदा गर्ने र अर्कातिर देशमा राष्ट्रिय विघटनको स्थितिको सृजना गर्ने कुरा प्रष्ट छ ।

नागरिकताबारे मस्यौदामा जुन अवधारणाहरू पारित गरिएका छन्, त्यसले पनि विदेशीहरूलाई नेपालको नागरिक बन्नका लागि प्रसस्त आधार प्रदान गर्दछ । उदाहरणका लागि नेपालकी कुनै कन्याले विदेशीसंग विवाह गरेमा त्यो विदेशी पनि नेपालको नागरिक बन्नसक्ने अवधारणा अगाडि ल्याइएको छ । त्यो अवधारणा स्वीकृत भएमा कुनै महिलाले विदेशीसित विवाह गरेपछि त्यो विवाहको नाताले विदेशीहरू ठूलो संख्यामा नेपालको नागरिक बन्नका लागि ढोका खुला हुनेछ । निश्चय नै त्यस सन्दर्भमा एउटा अर्को पक्षतिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । कुनै नेपाली युवकले विदेशी महिलासंग विवाह गरेपछि त्यसरी विवाह गरेर आएकी नेपाली महिला नेपालको नागरिक बन्ने व्यवस्थालाई गलत भन्न सकिन्न । तर महिला र पुरूषका बीचमा समानताका नाममा नेपाली महिलासित विवाह गर्ने विदेशी युवकलाई पनि नेपालको नागरिक बन्नका लागि ढोका खुला गर्ने प्रणालीले नेपालको राष्ट्रियतामाथि गम्भीर आँच पुग्नेछ । यस सन्दर्भमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र उपप्रधानमन्त्री समेत कतिपय महत्वपूर्ण संवैधानिक पदमा वंशज नागरिकलाई मात्र उमेदवार बन्ने अधिकार दिने वा अंगिकृत नागरिकहरूलाई पनि त्यो ढोका खुला गर्ने ? प्रश्नपनि उठिरहेको छ । हाम्रो यो स्पष्ट धारणा छ कि त्यस प्रकारका महत्वपूर्ण पदहरूमा अंगिकृत नागरिकहरूलाई उम्मेदवार बन्ने अधिकार हुनु हुँदैन । तर कतिपय पक्षहरूले अंगिकृत नागरिकहरूलाई पनि उक्त पदहरूका लागि ढोका खुला राख्ने विचारहरू अगाडि ल्याएका छन् । त्यस प्रकारको सोंचाईहरूलाई पारित हुन नदिन हामीले पूरा कोशिस गर्नुपर्ने आवश्यकता छ ।

संविधानका विभिन्न मस्यौदा प्रतिवेदनहरूमा अरू पनि कैयौं गलत र आपत्तिजनक अवधारणाहरू पारित भएका छन् । राष्ट्रिय जनमोर्चाका सभासदहरूले ती बेग्लाबेग्लै विषयहरूमा आफ्ना संशोधन प्रस्ताव वा फरक मतहरू प्रस्तुत गरेका छन् । तर त्यस प्रकारका अवधारणाहरूमा उनीहरू एक्लै छैनन् । अन्य कतिपय पक्षहरूले पनि त्यस प्रकारका गलत अवधारणाहरूका विरूद्ध मत प्रकट गरेका छन् । त्यसैको परिणाम हो कि विभिन्न विषयगत समितिहरूमा कतिपय गलत अवधारणाहरू अस्वीकृत भएका छन् वा झिनो मतले मात्र स्वीकृत हुन सकेका छन् । त्यो अवस्थामा सशक्त जनदवावको सृजना गरेपछि विभिन्न विषयगत समितिहरुद्वारा पारित कतिपय घातक अवधारणाहरूलाई अस्वीकार गर्न सकिने छ भन्ने कुरा स्पष्ट छ ।

मसालको यो अंकमा हामीले विभिन्न विषयगत समितिहरूमा राष्ट्रिय जनमोर्चाका सभासद्हरूद्वारा प्रस्तुत सुझाव वा फरक मतलाई पूरै दिएका छौं । तिनीहरूबाट संविधान सम्बन्धी विभिन्न प्रश्नहरूमा हाम्रा भिन्न मतहरू के छन् त्यो कुरा प्रष्ट हुनेछ । हाम्रा सथीहरूले संविधानका विभिन्न समितिहरूमा प्रत्येक गलत धारणाहरूका विरूद्ध कडा, दृढ र सम्झौताहीन संघर्ष गर्ने गरेको कुरा स्पष्ट हुनेछ । त्यो संघर्षलाई अब देशव्यापी रूपमा चलाउनुपर्ने आवश्यकता छ, जसबाट संविधानसभामा विभिन्न उपसमितिहरूद्वारा पारित गलत अवधारणाहरूका विरूद्ध व्यापक जनमत वा जनदवावको सृजना गर्न सकियोस् । त्यही सिलसिलामा राष्ट्रिय जनमोर्चाका तर्फबाट फागुन ५ गते देखि २० गतेसम्म आयोजित "संघीयताका विरूद्ध जनमार्च" तथा चैत्र ४ गतेको "संघीयताका विरूद्धको राष्ट्रिय अधिवेशन"ले विशेष महत्व राख्दछन् ।

अन्तमा हामीले के स्पष्ट गर्न चाहन्छौं भने संविधानसभाले संघीयताको अवधारणा वा अन्य कतिपय गलत र घातक अवधारणाहरूलाई स्वीकार गरे पनि तिनीहरूका विरूद्ध हाम्रो लगातार संघर्ष चलिरहने छ । तर त्यसको अर्थ संविधानसभा वा संविधानको निर्माणको कार्यमा बाधा पुर्‍याउने हाम्रो उद्देश्य हुनेछैन । संघीयता र त्यससित सम्बन्धित कतिपय आवधारणाहरूसित हाम्रा गम्भीर मतभेदहरूका बाबजुद संविधानको निर्माणमा पूरा सहयोग गर्ने नै हाम्रो प्रयत्न हुनेछ । किनभने हाम्रो यो स्पष्ट र दृढ मत छ कि त्यसरी नै गणतन्त्रलाई सुदृढ र संस्थागत गर्न सकिने छ, जब कि संविधान नबनेमा गणतन्त्रलाई सुदृढ र संस्थागत गर्ने कार्यमा नै बाधा पुग्नेछ । निश्चय नै त्यसका साथै संविधान तोकिएको समय भित्र नै सम्पन्न हुनुपर्दछ भन्ने हाम्रो स्पष्ट मत छ र त्यसका लागि समय बढाउने कुराको हामीले लगातार विरोध गर्दै आएका छौं ।•